राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(....................................)
फोन नं.: ०८२-४१३०७७
मसुरिया, देउखुरी-दाङ
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्याः २०८१।८२ चलानी नं.:

मितिः- २०८१/०८/२०

**कृषि यान्त्रिकीकरण कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा यस राप्ती गाउँपलिकाको आ.व. २०८१/०८२ वार्षिक स्वीकृत प्रदेश सशर्तको कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको कार्यक्रम, स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ बमोजिम संचालन गरिने भएकोले इच्छुक कृषक/कृषि फार्म/कृषि कम्पनी/कृषक समूह/कृषि सहकारीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात मिति २०८१/ ०९ / ०४ गते कार्यालय समय भित्र कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**कार्यक्रम संचालन मापदण्ड**

| क्र.स. | कार्यक्रमको नाम | लाभग्राही | अनुदान सीमा |
|---|---|---|---|
| १ | कृषि यान्त्रिकीकरण कार्यक्रम | कृषक/कृषि फर्म/कृषि कम्पनी/कृषक समूह/कृषि सहकारीहरुले आवेदन दिन सकिनेछन। | कुल लागतको ५०% वा बढीमा रु ५०,०००।- जुन कम आउछ। |

**आवश्यक कागजातहरु:-**

- निवेदन
- आधिकारीक व्यक्तिहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- कृषि फर्म/समूह/सहकारीको हकमा दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी
- कृषक समूह/कृषि सहकारीको हकमा निर्णय प्रतिलिपी
- कार्यक्रम संचालन हुने जग्गाको लालपूर्जाको फोटोकपी, भाडामा भए सम्झौता प्रतिलिपी तथा वेदर्ता जग्गा भएको भए क्षेत्रफल एकिन सहितको सम्बन्धि वडाको सिफारिस पत्र।
- सहकारीको हकमा करचुक्ता प्रमाणपत्र तथा स्थायी लेखा नम्बर

**नोटः-** थप जानकारीको लागि कृषि विकास शाखा ९८४७८१५४१६, ९८२४४३९८५२ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

नेव बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

नेब बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

राप्ती गाउँपालिका

मसुरिया दाङ।

मितिः- २०८१/ ०८ /

विषयः- कार्यक्रममा सहभागी हुन पाउँ।

प्रस्तुत विषयमा राप्ती गाउँपालिकाको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मिति २०८१/०८/२० गते प्रकाशित सूचना म/ हामी........................................................................ कार्यक्रममा ..............................कृषि सामाग्री आवश्यक भएकोले निम्न विवरण सहित यो निवेदन पेश गरेको छु।

निवेदक

नामः-

दस्तखतः-

ठेगानाः-

मोबाइल नं